परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : २१ पृष्ठ ४ २०८२ कार्तिक २६ गते, बुधबार 12 November, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## मधेशमा झडप : नेता कार्यकर्ता घाइते





टक नेपाल

मधेश प्रदेशका मुख्यमन्त्रीको नियुक्तिको विषयलाई लिएर विरोधमा उत्रेका प्रदर्शनकारी र सुरक्षाकर्मीबिच झडप भएको छ । भडपमा कैयौं घाइते भएका छन् ।

जसपा नेपाल मधेश प्रदेशका प्रमुख सचेतक रामअशिष यादवका अनुसार घाइते मध्ये ज्ञानेन्द्र झा, रामविनोद चौधरी र विरेन्द्र यादव गम्भीर घाइते भएका छन् । घटनाको क्रममा नागरिक दैनिकका पत्रकार सुरेन्द्र यादव समेत घाइते भएका छन् ।

घाइतेहरुको प्रादेशिक अस्पताल जनकपुरधाममा उपचार भइरहेको छ । घाइतेहरुको अवस्था बुझ्न प्रादेशिक अस्पताल पुग्नुभएका निवर्तमान मुख्यमन्त्री जितेन्द्र प्रसाद सोनार (सोनल) र जसपा नेपाल मधेश प्रदेशका प्रमुख सचेतक रामअशिष यादवले घटनाको निन्दा गर्नुभएको छ ।

शान्तिपूर्ण रुपमा धर्नामा बसेका नेता कार्यकर्ता माथि प्रहरीले बल प्रयोग गरेको उहाँहरुको आरोप छ । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक रुगम बहादुर कुँवरका अनुसार आन्दोलनमा रहेका नेता कार्यकर्ताहरुले प्रदर्शन गर्दै प्रहरीमाथि ढुंगा प्रहार गरेपछि स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले सामान्य बल प्रयोग गरेको हो ।

### मधेश प्रदेशका नवनियुक्त

## प्रदेश प्रमुख कर्णले लिए शपथ



टक नेपाल

मधेश प्रदेशका नवनियुक्त प्रदेश प्रमुख सुरेन्द्रलाभ कर्णले पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छन्। मंगलबार राष्ट्रपति कार्यालयमा आयोजित समारोहमा प्रदेश प्रमुख कर्णले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पद तथा गोपनीयता शपथ ग्रहण गरेका हुन्।

राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा १६७ बमोजिम नवनियुक्त प्रदेश प्रमुख कर्णलाई पद तथा गोपनीयता शपथ गराएका हुन्। शपथ समारोहमा उपराष्ट्रपति रामसहाय प्रसाद यादव, प्रधानमन्त्री सुशीला कार्की, सभामुख देवराज घिमिरेलगायतको उपस्थित थिए।

यसअघि राष्ट्रपति पौडेलले नेपाल सरकार मन्त्रिपरिषदको सिफारिसमा मधेश प्रदेशका प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीलाई पदमुक्त गरेका थिए।सोमबार बसेको मन्त्रिपरिषद बैठकले भण्डारीलाई पदमुक्त गर्न र प्रदेश प्रमुखमा कर्णलाई नियुक्तिका लागि राष्ट्रपति पौडेलसमक्ष सिफारिस गरेको थियो।

vianet

अब सबै connected

## मधेश सरकार गठनविरुद्धको रिटमा कारण देखाउ आदेश

टक नेपाल

सर्वोच्च अदालतले मधेश प्रदेश सरकार गठनविरुद्धको रिटमा कारण देखाउ आदेश जारी गरेको छ। न्यायाधीश टेकप्रसाद ढुंगानाको इजलासले मधेश प्रदेशको नयाँ मुख्यमन्त्री नियुक्ति गर्नुको कारण सोधेको हो।

रक्कीप्रसाद साह र सुजित यादव समेतले गैरसंवैधानिक तरिकाले प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्ति गरेको र त्यसलाई खारेजु गर्नुपर्ने माग दावी गर्दै सोमबार सवोच्चमा रिट दायर गरेका हुन्।

मधेश प्रदेश प्रमुखको कार्यालय, मुख्यमन्त्रीको कार्यालय र मधेश प्रदेशसभालाई रिटमा विपक्षी बनाइएको छ। संविधानको धारा १६८ को उपधारा (२) जीवित रहेको अवस्थामा ३ अनुसार प्रदेश प्रमुखले सरकार गठन गर्नु असंवैधानिक रहेको रिटमा जिकिर गरिएको छ मधेशको मुख्यमन्त्रीमा एमालेका सरोज कुमार यादव नियुक्त भएका छन्। संविधानको धारा १६८(३) बमोजिम संसद्को ठूलो दलको हैसियतले नेकपा (एमाले) मधेश प्रदेश संसदीय दलका नेता यादवलाई प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले नियुक्त गरेकी हुन्।

तर, मधेश प्रदेशको मुख्यमन्त्रीमा यादवको नियुक्ति र शपथ विवादमा परेपछि प्रदेश प्रमुख भण्डारी पदमुक्त भएकी छन्। मन्त्रिपरिषद बैठकले सोमबार भण्डारीलाई पदमुक्त गर्न सिफारिस गरेपछि राष्ट्रपति रामचन्द्र पौडेलले पदमुक्त गरेका हुन्।

मन्त्रिपरिषद् बैठकले मधेशको प्रदेश प्रमुखमा सुरेन्द्र लाभ कर्णलाई नियुक्तिका लागि सिफारिस गरेको छ। बिरामी भएको निहुँ पारेर जनकपुरबाट काठमाडौं हिँडेकी प्रदेश प्रमुख भण्डारीले सोमबार बिहान सिन्धुलीको एक होटलमा नेकपा एमाले संसदीय दलका नेता यादवलाई मुख्यमन्त्री पदको शपथ खुवाएकी थिइन्।

Pan No. 121584733
DDA No. 3780432055942
9705446882, 9705446883
खुशी मेडिकल हल
बर्दिवास-२, महोत्तरी
औषधी पसल
यहाँ सबै प्रकारका औषधी सुपथ मुल्यमा पाउनुका साथै २४ घण्टा फार्मेसी तथा ल्याब सेवा उपलब्ध छ ।



परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### समयअनुकूल
## शिक्षण शैलीको आवश्यकता

हाम्रो शिक्षा प्रणाली अझै पनि रटान र प्रवचनमा आधारित छ । शिक्षकबिना कक्षा चल्दैन भन्ने मान्यता अझै प्रबल छ । तर अबको शिक्षा प्रणाली प्रवचनात्मक होइन, सहभागितामूलक र प्रविधिमूलक हुनुपर्छ । संसार प्रविधिमार्फत तीव्र गतिमा अघि बढिरहेको छ । एआईको युगमा पनि हामी अझै उही पुरानो शैलीमा अड्किएका छौँ, जहाँ विद्यार्थी केवल सिद्धान्त घोकेर परीक्षा पास गर्छन् ।

सरकारले सामुदायिक विद्यालयमा प्रविधि उपकरण पुर्‍याए पनि त्यसको प्रभावकारी प्रयोग भएको छैन । धेरै शिक्षकहरू अझै कम्प्युटर चलाउन हिचकिचाउँछन् । यस कारण विद्यार्थीहरूमा सिर्जनात्मक चेत र समस्या समाधान क्षमताको विकास हुन सकेको छैन ।

आजको विद्यार्थी युट्युब र इन्टरनेटमार्फत संसारका ज्ञान स्रोतहरूसँग जोडिएको छ । त्यसैले शिक्षण पद्धति पनि यिनै स्रोतसँग प्रतिस्पर्धा गर्न सक्ने हुनुपर्छ । शिक्षकहरूले प्रविधिसँग आत्मसात् भएर अन्तर्क्रिया र अनुभवमा आधारित शिक्षण पद्धति अपनाउन जरुरी छ ।

शिक्षालाई बाध्यता होइन, रहर र सिर्जनशीलताको माध्यम बनाउनु आजको प्रमुख चुनौती हो । समयअनुसार शिक्षण शैली परिवर्तन नगरेसम्म प्रभावकारी सिकाइ सम्भव छैन । अबको शिक्षा प्रविधिसँग जोडिएको, आलोचनात्मक चेत र व्यावहारिक सिप विकासमुखी हुनुपर्छ ।

### माओवादी मधेसमा चर्कियो विवाद,
# दलीय ह्वीप नमान्नेलाई कारबाही गर्ने चेतावनी

• टक नेपाल



मधेसको सत्ता गठबन्धनमा सहभागी तत्कालीन नेकपा माओवादी केन्द्रभित्रको अन्तरविरोधका कारण मधेस सरकारका मुख्यमन्त्री जितेन्द्रले सोनल नेतृत्वको सरकार २५ दिनमै ढल्यो ।

माओवादी (हाल नेपाली कम्युनिस्ट पार्टी) का प्रदेश सभा सांसद मालाकुमारी कर्ण र रहबर अनसारीले विद्रोह गरी विश्वासको मत नदिने घोषणा गरेकाले मुख्यमन्त्री सोनलले शनिबार पदबाट राजीनामा दिए । अन्सारीले त प्रदेशसभामा बोल्ने क्रममा आफ्नै अनुहारमा मोसो दलेर विरोध जनाएका थिए ।

लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) का नेता सोनल असोज २९ गते माओवादी, लोसपा, जसपा नेपाल, जनमत पार्टी, नेकपा एकीकृत समाजवादीको ५६ जना सांसदको समर्थनमा मुख्यमन्त्री भएका थिए । सोनलले राजीनामा दिए पनि माओवादीभित्रको विवाद अझै साम्य भएको छैन । मधेसमा पार्टीभित्रको अन्तरविरोध उत्कर्षमा पुग्नुमा पार्टीका केन्द्रीय संयोजक (हाल नेकपा संयोजक) पुष्पकमल दाहाल 'प्रचण्ड' र प्रदेश इन्चार्ज रहेका मातृका यादवको हस्तक्षेपकारी कार्यशैली मुख्य जिम्मेवार रहेको सांसद मालाकुमारी कर्णको आरोप छ ।

'प्रादेशिक अधिकारमाथि केन्द्रीय नेतृत्वबाटै पटक पटक हस्तक्षेप भएको छ । संसदीय दलको नेता भरत साहलाई हटाउन ६ जना सदस्यले हस्ताक्षर गरेर संसदीय दलमा विश्वासको मत दर्ता गराएका थियौँ । अर्थमन्त्री हुँदा उहाँले पदीय दुरुपयोग गरी अनियमितता गरेको उजुरी पार्टीको केन्द्रीय कार्यालयमा पनि बुझाएका थियौँ,' रातोपाटीसँग कर्णले भनिन्, 'उजुरीपश्चात् अध्यक्ष प्रचण्डले दुई महिनाभित्र राजीनामा दिनुहुन्छ भन्नुभयो । तर प्रदेश इन्चार्ज मात्रिका यादवको योजनामा साहलाई नै दलको नेता बनाइयो ।'

यद्यपि पार्टीभित्रको पछिल्लो विद्रोह प्रचण्ड र जनार्दन शर्माबिच देखिएको अन्तरविरोधका कारण भएको उनले स्पष्ट पारिन् ।

उनले भनिन्, 'केन्द्रको हस्तक्षेपविरुद्ध हाम्रो विद्रोह हो । कुनै गुटमा पनि लागेका छैनौँ । प्रचण्ड र जनार्दनबिच देखिएको अन्तसंघर्षका कारण विद्रोह भएको होइन । बहुसंख्यक सांसदको भावनाविपरीत हस्तक्षेप भएकाले मुख्यमन्त्रीलाई विश्वासको मत नदिने घोषणा गरेका हौँ ।'

पूर्वमन्त्रीसमेत रहेका साहविरुद्ध २०८१ असार २५ गते ६ जना सांसदले अविश्वासको प्रस्ताव दर्ता गरेका थिए । अविश्वासको प्रस्ताव पेस गर्नेमा प्रमुख सचेतक फकिरा महतो, जवाहर कुशवाहा, राजी हैदर, सुनीता यादव, मालाकुमारी कर्ण र रहबर अनसारी थिए ।

भदौ ८ गते अध्यक्ष प्रचण्डलाई काठमाडौँमा भेटेर कारबाहीका लागि उजुरी दिएका थिए । त्यतिबेला प्रचण्ड, वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, महासचिव देव गुरुङ, सचिव लीलामणि पोखरेल सहभागी थिए ।

प्रदेशको अर्थमन्त्री भएको बेला साहले मनमौजीमा आफू खुसी योजना बाँडेको, संसदीय दलका सदस्यहरूलाई समेट्न नसकेको, केन्द्रको निर्णयविपरीत सरकार ढाल्न चलखेल गरेको, अनियमितता गरेको लगायत आरोप लगाएका थिए । बहुसंख्यक सांसदहरूको कुरा सुनेपछि प्रचण्डले दुई महिनाभित्र राजीनामा दिन निर्देशन दिएका थिए । पार्टीको निर्देशन पटक-पटक उल्लंघन गरेका साहले २०८२ जेठ २० गते राजीनामा दिएका थिए उबतचब।

तर कात्तिक १७ गते प्रचण्डकै ठाडो निर्देशनमा साह संसदीय दलको नेतामा पुनः नियुक्त भए ।

प्रचण्डले पठाएको पत्रमा भनिएको छ, 'उपरोक्त सन्दर्भमा नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) मधेस प्रदेश संसदीय दलको नेतामा माननीय भरतप्रसाद शाहलाई पुनर्स्थापित गर्ने निर्णय भएकाले उहाँलाई दल नेता कायम गरी दलको तर्फबाट प्रतिनिधित्व गराउनु हुन अनुरोध छ ।'

प्रदेश इन्चार्ज यादवनिकट मानिने साहलाई उनकै जोडबलमा संसदीय दलको नेता बनाइएको तत्कालीन माओवादीका एक उच्च नेताले आरोप लगाए ।

'गल्ती म प्रचण्डजीमै देख्छु । सबै कुरा केन्द्रबाट हस्तक्षेप गरेर हुँदैन । भरतजीमाथि सांस्कृतिक विचलन, महोत्तरीको गौशाला जग्गा हिनामिना गरेको, अर्थमन्त्री हुँदा २० लाख कमिसन खाएर चार करोड निकासा गरेको आरोप छ । पार्टीको केन्द्रीय अनुशासन आयोगमा पनि उजुरी परेको छ,' उनले भने, 'संसदीय दलका बहुमत सदस्यले अविश्वासको प्रस्ताव दर्ता गरेका छन् । ती सबै चिजलाई नजअन्दाज गरेर अध्यक्षको ठाडो निर्देशनमा दलको नेता बनाइएको छ । प्रदेश इन्चार्ज मातृकाजी आफै गुटबन्दीमा लाग्नुभएको छ । यही कारणले मधेसमा ठुलो आक्रोश छ ।'

तर आफूमाथि लगाइएको आरोपको साहले खण्डन गरेका छन् । उजुरीउपर छानबिन गरी अनुशासन आयोगले सफाइ दिएको अवस्थामा फेरि पुरानै आरोप लगाउनु उचित नभएको उनले बताए ।

'पार्टीको अनुशासन आयोगले उजुरीउपर छानबिन गरी आयोगले मलाई सफाइ दिइसकेको छ । जुन कुरामा मैले सफाइ पाइसकेपछि फेरि त्यही कुरा गर्नुले टर्चर हुन्छ कि हुँदैन ?,' उनले भने, 'यिनीहरूको नियोजित रूपमा यसो गर्‍यो, उसो गर्‍यो भनिरहेका छन् । मैले सफाइ पाएर न मलाई पार्टीले पुनर्स्थापित गरेको हो । टीका लगाएको होइन । पहिले पूर्ववत् अवस्थामा दलको नेता थिएँ । दलको नेतामा मलाई आरोप लाग्यो । आरोपलाई सहन गर्नका निमित्त मैले केन्द्रीय सदस्य र दलको नेताबाट म आफैं खुसी राजीले राजीनामा दिएको हो ।'

साहले विपक्षीसँग बहुमत सदस्य भए संसदीय दलमा प्रतिस्पर्धा गर्न चेतावनी दिएका छन् । रहबर अन्सारी आर्थिक प्रलोभनमा कुनै शक्तिबाट परिचालित भएको आरोपसमेत उनले लगाए ।

'उहाँहरूले दलीय ह्वीप उलंघन गरी सरकार ढाल्ने काममा लाग्नुभयो । ठुलो मात्रामा आर्थिक चलखेल भएको आशंका छ । दुई जनामाथि पार्टी अनुशासनविपरीत काम गरेको आरोपमा कारबाही हुन्छ,' साहले भने ।

अन्सारी सहितको समर्थनमा आफूले संसदीय दलको नेता जितेको उनको दाबी छ । भ्रष्टाचार गरेको, अनियमिता गरेको आरोप लगाउनेले मत किन दिएको भनेर साहले प्रतिप्रश्न गरेका छन् ।

उनले भने, 'उहाँले पनि मलाई मत हालेको हो । त्यो बेला मसँग हुनुहुन्थ्यो । हिजो अस्तिसम्म उहाँ मसँगै थिए । राज्यमन्त्री बन्नुभयो । मैले उहाँलाई क्याबिनेट मन्त्री बनाइदिन । सुनिता यादवलाई क्याबिनेट मन्त्री बनाएँ । त्यसपछि भरत खराब भयो । अनि उहाँलाई क्याबिनेट मन्त्री बनाइदिएको भए भरत इमानदार हुन्थ्यो । भ्रष्टाचारी नहुने थियो । यस्ता कुराहरूको पछाडि लागेर हुन्छ ? सबै चोर लागेको भए राजीनामा दिएर घर बस्दा हुन्छ ।'






# दीपक आचार्य : जसले स्टारडम होइन, कन्टेन्ट रोजे

टक नेपाल

फिल्म उद्योगमा जब कुनै नयाँ निर्देशकले पाइला टेक्छ, ऊसँग अनेक चुनौती र अपेक्षाका पहाडहरू हुन्छन् । सफल निर्देशक बन्न उसले ठुलो संघर्ष र परम्परागत समीकरण, व्यावसायिक रणनीति र स्टारडमको सहारा लिनुपर्छ ।

तर, कलाकार दीपक आचार्य 'काकु'ले आफ्नो डेब्यु फिल्म 'परान' मार्फत यी सबै मान्यतालाई चुनौती दिँदै एउटा फरक बाटो रोजे । जुन बाटो अहिले सही साबित भयो । उनले रोजेको बाटो हो, स्टार कलाकारभन्दा 'कन्टेन्ट' । जसलाई उनले पुराना कलाकार नीर शाहमार्फत प्रस्तुत गरेका छन् । जुन सफल साबित भयो ।




'परान'ले एउटा वृद्धले बुढेसकालमा पुर्ख्यौली थलोमा परिवारको साथ खोजेको कथा पस्किएको छ, जुन नेपाली समाजसँग मिल्दोजुल्दो छ । त्यसैले त फिल्मले यतिबेला दर्शकको मन जितिरहेको छ । नेपाली फिल्म उद्योगमा विरलै देखिने कथा उठाएका आचार्यले सुरुवाती दिनहरूमा असहज अवस्था नभोगेका भने होइन । फिल्म रिलिजको पहिलो दिनको आँकडाले त उनी विचलित नै भएका थिए । सम्झँदा अझै पनि एक किसिमको पीडा महसुस हुने आचार्य बताउँछन् ।

'फिल्मले ओपनिङमा जम्मा ६ लाखको व्यवसाय गरेको हो । त्यो ओपनिङ सबैभन्दा भुर मात्र हैन, भुरेस्ट हो,' आचार्यले भने, 'सुरुवाती दिनमा यस्तो कमजोर ओपनिङले मेरो मनमा गहिरो चोट पुगेको थियो । दुई तीन दिन त्यस्तै हुँदा हलबाट फिल्म निकाल्ने अवस्था भइसक्या थियो ।' फिल्म निकाल्न 'अलर्ट' बन्ने अवस्था जीवनको सबैभन्दा पीडाको क्षण हुने उनले सुनाए ।

चौथो दिनबाट भने फिल्मले एक किसिमको चमत्कार गर्‍यो । दर्शक ओइरिन थाले । 'परान' केवल एउटा फिल्म रहेन, यो अहिले दर्शकको दिलको धड्कन बनिसकेको छ । सुरुवातको व्यवसायमा 'भुरेस्ट' ट्याग पाएको फिल्मले राम्रो व्यवसाय गरेपछि उनी दङ्ग छन् । पछिल्लो समय बढेको फिल्मको व्यवसाय दर्शकको 'माउथ पब्लिसिटी'ले सम्भव भएको उनको बुझाइ छ ।

'परान'को सफलताको सबैभन्दा ठुलो सूचक यसले दर्शकबाट पाएको प्रतिक्रिया हो । यो अनुभव सबैको लागि सायद दुर्लभ हो,' आचार्य थप्छन्, 'यस्तो प्रतिक्रिया संसारमा एकदम विरलै मान्छेले पाउँछन् । आफ्नो कर्मबाट यो लेभलको प्रतिक्रिया पाउँछु भन्ने मैले कहिल्यै सोचेको थिइनँ ।'

'सामान्यतः हरेक फिल्मले मिश्रित प्रतिक्रिया पाउने गर्छ, तर परानको हकमा यो भिन्न देखियो । योचाहिँ एकदम रियल हो,' आचार्य अगाडि थप्छन्, 'दर्शक आफैं स्वस्फूर्त अभियान चलाएर फिल्म हेर्न प्रेरित भएको देख्दा गर्व लाग्छ ।' वर्ड अफ माउथले अहिले गाडी नै रिजर्भ गरेर गाउँ-गाउँबाट फिल्म हेर्न अभिनयन चलेको उनले बताए । कतिपय ठाउँमा त शो नपाउँदा दर्शक फर्केका समेत उनले सुनाए ।

'दर्शकको साथ त्यसै मिलेको होइन, परानमा जीवन शक्ति छ,' उनी भन्छन्, 'फिल्मको व्यवसाय दिन-प्रतिदिन बढ्दो छ ।'

'परान'को कथा, जुन अहिले दर्शकको मनमा गहिरोसँग बसेको छ, त्यो निर्देशक दीपक आचार्यको व्यक्तिगत भोगाइ र मानवीय संवेगहरूको गहिरो प्रस्तुति हो । कोभिड-१९को समयमा आफूले भोगेको जीवन र मृत्युको दोसाँध, बुवा गुमाएको पीडा र मनमा लागेका कुरा भोलि किन राख्ने, आजै भन्नुपर्छ भन्ने हिसाबले उनले फिल्म बनाएका हुन् । यस्तो नितान्त व्यक्तिगत र गहिरो भावनात्मक कथाका लागि उनलाई कुनै सुपरस्टार होइन, पात्रको आत्मालाई जीवन्त बनाउन सक्ने कलाकारको खाँचो थियो । त्यसका लागि उनले रोजे दिग्गज अभिनेता नीर शाह ।

उनका अनुसार त्यो काल्पनिक पात्र पनि थिएन । त्यो वास्तविक आफूले झलझली देखेको पात्र थियो । 'त्यसमा शाह नै फिट हुनेमा म क्लियर थिएँ । फिल्मको मुख्य भूमिकामा उहाँको चयनमा कुनै व्यावसायिक हिसाबकिताबभन्दा पनि पात्रको प्राणका लागि भएको थियो,' आचार्य भन्छन्, 'आफ्नो चयनले पर्दामा जीवन्तता भर्ने सामर्थ्य राखेकोमा खुसी छु ।'

शाहलाई मुख्य भूमिकामा राख्ने भएपछि कतिपयले स्टारडम भएका कलाकार राख्न दबाबसमेत दिएका उनी बताउँछन् । 'नाक खुम्च्याउनेहरू, गाली गर्नेहरू पनि थिए । पछिल्लो समय स्टारडमको पछि दौडिनेको भिडमा शाहको चयन बक्स अफिसका लागि जोखिमपूर्ण जो थियो,' उनी भन्छन् । त्यो जोखिम मोलेका कारण नै उनी अहिले सही साबित भए ।

शाहलाई चयन गरेपछि सबैभन्दा ठुलो मार फिल्मका निर्माताहरूले खेप्नुपरेको उनी सुनाउँछन् । 'मलाई जति प्रेसर आयो, त्यसको दुई गुणा तीन गुणाचाहिँ प्रोड्युसरहरूमा पुग्यो, निर्माताहरूलाई दोहोरो दबाब थियो, शाहलाई मुख्य भूमिकामा लिनु र एक सिरियलका परिचित अनुहार (दीपक आचार्य) लाई डेब्यु निर्देशकको रूपमा विश्वास गर्नु,' उनले भने । दबाब थेग्न नसक्ने स्तरको भए पनि निर्माताले आफूमाथि विश्वास गरेकै कारण फिल्म बन्न सफल भएको आचार्य खुलाउँछन् ।

'मेरो विश्वासको जग कन्टेन्ट नै हिरो थियो । नेपाली फिल्ममा अरू कुरामा धेरै मेहनत हुन्छ/गरिन्छ । तर कन्टेन्टमा मिहिनेत गरिँदैन भन्ने मलाई एकदम खट्किराथ्यो,' आचार्य भन्छन्, 'यो प्रश्नको जवाफ कामले दिने प्रेरणा जाग्यो ।'

'परान' प्रदर्शनमा आएपछि त्यसले उद्योगको अपेक्षा र आलोचनालाई एकैपटक चिर्दै दर्शक भावनात्मक रूपमा जोडिएका छन् । निर्देशक आचार्यका अनुसार फिल्म हेर्ने दर्शकले स्वस्फूर्त दर्शक बोलाइरहेका छन् । त्यो अभियानजस्तो भएको उनलाई लागेको छ । 'यो कुनै योजनाबद्ध मार्केटिङ वा करोडौंको प्रचारको परिणाम थिएन, बरु माउथ पब्लिसिटीको शक्ति थियो, जहाँ एक दर्शकले फिल्म हेरेपछि अर्को लाई हेर्न प्रेरित गरे,' फिल्मको तारिफ गर्दै उनले भने ।

फिल्मले दर्शकलाई हाँस्न वा रुनका लागि मात्रै बाध्य नपारेको बरु मानवीय संवेगका सबै पाटालाई भित्रैबाट छुन सफल भएको उनलाई लागेको छ ।

'मान्छे रुन त्यत्तिकै रुँदैन । फिल्ममा दुःख दिएर रुवाइएको छैन । आफू फिल गरेर रोएका छन्,' उनी भन्छन्, 'तँ मेरो औषधि होस् कान्छा जस्ता संवादले दर्शकको मनमा यति गहिरो छाप छोड्यो कि उनीहरूले आफूलाई पात्रसँग एकाकार भएको महसुस गरे ।

'परान'ले मनोरञ्जनको सीमा नाघेको बताउने उनी यसले नेपाली समाजमा एउटा सकारात्मक रूपान्तरणको भूमिका खेलेको ठान्छन् । यसलाई 'रिभोलुसन' भन्न पनि उनी हिचकिचाउँदैनन् ।

विदेश जाने सोच बनाएका युवाले फिल्म हेरेपछि आफ्नो आमाबुवालाई अँगालो मारेर रोएको, विदेश नजाने निर्णय गरेको जस्ता कुराले 'परान'को प्रभावलाई अझ गहिरो बनाएको छ । एक शिक्षकाले समेत फिल्म हेरेपछि आफ्नो मनस्थिति नै परिवर्तन भएको र विदेश जाने प्रयास त्यागेको बताएका निर्देशक आचार्य दाबी गर्छन् ।

यस्ता प्रतिक्रियाहरूबाट समाजका लागि केही महत्त्वपूर्ण काम गरेको उनलाई महसुस भएको छ । यो केवल एक फिल्मको सफलता मात्र नभई, सिर्जनामार्फत समाजको मानसिकता परिवर्तन गर्न सकिन्छ भन्ने एक ज्वलन्त भएको उनको ठम्याइ छ ।

## अबको चुनौती

सानो पर्दाको कलाकारिताबाट उदाएका कलाकार हुन् दीपक । पछिल्लो समय 'सक्किगो नि' सिरियलमा 'काकु'को भूमिकाबाट उनी धेरैमाझ चिनिए । र 'परान'बाट फिल्म निर्देशनमा डेब्यु पनि गरे । अभिनयको अलावा अब निर्देशकको रूपमा उनी चिनिनेछन् ।

पहिलो फिल्मको चर्चा र सफलताले उनीमाथि चुनौती थपिएको छ ।

'अबको मेरो फिल्ममा दर्शकहरू परानको अपेक्षा राखेर जानुहोला, त्यसले गर्दाखेरि त्यो मिट गर्ने गरी काम गर्नुपर्छ भन्ने हिसाबले ठुलै चुनौती पो देखेको छु,' आचार्य भन्छन्, 'चुनौती कुनै बाहिरी प्रतिस्पर्धीहरूसँग नभई आफ्नै सफलताको मानक र अपेक्षासँग हुनेछ ।'

सगरमाथाको चुचुरोमा पुगेपछि अब कहाँ जाने भन्ने जस्तो अनुभव अहिले आफूले गरिएको उनलाई लागेको छ ।

'कतिपयका लागि पहिला फिल्मले त्यसपछिको यात्रा सहज बनाउँछ,' उनी थप्छन्, 'मेरो लागि भने अबको यात्रा अझ कठिन र चुनौतीपूर्ण हुने निश्चित छ ।'

'परान'ले स्टारको दौडभन्दा उठेर कन्टेन्टको दौड सफल हुने प्रमाणित गरेको पनि उनको बुझाइ छ ।









### क्षतिकै विवरण सङ्कलन भएन

# किसानले मारे राहतको आस



● टक नेपाल

मध्य कात्तिकको वर्षाले धान बालीमा पुगेको क्षतिको विवरण अझैसम्म सङ्कलन हुन सकेको छैन । कात्तिक १३ गतेदेखि १५ गतेसम्मको वर्षाले सर्लाहीका किसानले काटेर खेतमा पाँजा सुकाएको र काट्ने बेला भएको धान बालीमा व्यापक क्षति गरेको थियो ।

कृषि ज्ञान केन्द्र सर्लाहीले जिल्लाका २० वटै पालिकालाई पत्र लेख्दै तीन दिनभित्र क्षतिको विवरण उपलब्ध गराइदिन आग्रह गरे पनि अहिलेसम्म कार्यालयलाई विवरण प्राप्त भएको छैन । पीडित किसानले क्षतिको विवरण सङ्कलन गर्न र आफूले बेहोर्नु परेको पीडाबारे सोधीखोजी गर्न कोही नआएको गुनासो गरेका छन् ।

वर्षाले एक बिघा खेतको धान भिजेको हरिपुर नगरपालिका-२, सानो जगतपुरका किसान हेम थापाले अहिलेसम्म पानीले के कति क्षति पुऱ्यायो भनी बुझ्न कोही पनि नआएको बताउनुभयो ।

“सरकारले राहत दिने कुरा गर्छ तर अहिलेसम्म के कति क्षति भयो भनेर न कोही सोध्न आएको छ न त कतैबाट आश्वस्त पार्ने काम भएको छ,” थापाले गुनासो गर्नुभयो, “तीन दिनको पानीमा भिजेर खेतमै उम्रिएको धान जसोतसो भित्र्याउने काम त गरियो तर क्षतिबारे कुनै पनि निकायले वास्ता गरेनन् ।” तीन दिन लगातार परेको पानी र त्यसपछि डुबानमा परेको धान खेतमै उम्रिएर क्षति पुगेको अधिकांश किसानको गुनासो छ ।

स्थानीय तहका कृषि शाखाले यसअघिका वर्षमा यसै गरी धान तथा अन्य बालीमा वर्षाबाट पुगेको क्षतिको विवरण सङ्कलन गरेर पठाउँदा किसानले राहत नपाएकाले पुनः विवरण सङ्कलन गर्न जान समस्या रहेको बताएका छन् । बागमती नगरपालिकाको कृषि शाखाका प्रमुख अवधेश झाले विवरण सङ्कलनका लागि जाँदा यसअघि केही पाइएन भन्दै किसानले विवरण दिनै आनाकानी गर्ने गरेको झाको भनाइ छ ।

“यसभन्दा पहिले पनि हामीले क्षतिको डाटा पठाएकै हो तर किसानले केही पाउन सकेनन्, त्यसैले हामीलाई विवरण लिन जान मात्रै समस्या छ,” झाले भन्नुभयो, “किसान पनि कहीँकतैबाट केही त पाइँदैन के डाटा लिनुहुन्छ भन्नुहुन्छ, त्यसैले डाटा लिनै समस्या छ ।” झाले प्रत्येक वडा कार्यालयलाई पत्र काटेर वर्षाका कारण धान तथा अन्य बालीमा पुगेको क्षतिको विवरण उपलब्ध गराइदिन आग्रह गरेको बताउनुभयो ।

सर्लाहीमा यस वर्ष ३९ हजार ४९० हेक्टरमा धान खेती भएको छ । गत वर्षभन्दा कम क्षेत्रफलमा धान खेती भएको र असोज र कात्तिकमा भएको भारी वर्षाले व्यापक क्षति गर्दा धान उत्पादनमा गिरावट आउने अवस्था रहेको कृषि ज्ञान केन्द्र मलङ्गवाका सूचना अधिकारी सीमा कार्कीले बताउनुभयो ।

कार्कीले सबै पालिकाबाट वर्षाका कारण पुगेको क्षतिको विवरण आइनसकेको बताउनुभयो । जिल्लाभर करिब एक हजार हेक्टरमा लगाइएको धानमा क्षति पुगेको प्रारम्भिक विवरण प्राप्त भए पनि सबै पालिकाले विवरण नदिँदा समस्या परेको कृषि ज्ञान केन्द्रकी सूचना अधिकारी कार्कीको भनाइ छ ।

महिना दिनको अन्तरालमा भएको भारी वर्षाले जिल्लामा २५० हेक्टर उखु बाली र दुई सय हेक्टरको तरकारी बालीमा समेत क्षति गरेको कृषि ज्ञान केन्द्र सर्लाहीले जनाएको छ ।

# ७ दलीय गठबन्धनद्वारा धनुषामा विरोध प्रदर्शनको घोषणा



● टक नेपाल

मधेस प्रदेशमा असंवैधानिक तरिकाले मुख्यमन्त्री नियुक्ति भएको भन्दै सात दलीय गठबन्धनले धनुषामा विरोध कार्यक्रमको घोषणा गरेको छ । गत २०७८ मंसिर २२ गते प्रदेश प्रमुखबाट असंवैधानिक ढङ्गले नियुक्त मुख्यमन्त्री सरोजकुमार यादवको पदावधि खारेज गरी संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्न गठबन्धनले शान्तिपूर्ण आन्दोलनमा उत्रने घोषणा गरेको हो ।

प्रेस विज्ञप्तिमार्फत गठबन्धनले आन्दोलनका क्रममा प्रहरीद्वारा गरिएका गिरफ्तारी, कुटपिट, धम्की र धरपकडको घटनाप्रति गम्भीर आपत्ति जनाएको छ । विज्ञप्तिमा भनिएको छ, “संविधानको रक्षा र लोकतान्त्रिक गणतन्त्रको सम्मानका लागि गरिएको हाम्रो आन्दोलनलाई रोक्ने प्रयासले प्रदेशमा अस्थिरता ल्याउने काम गरेको छ।”

गठबन्धनले प्रदेश प्रमुख र सरकारविरुद्ध शान्तिपूर्ण आन्दोलन जारी राख्ने र असंवैधानिक नियुक्तिको विरोधमा मंसिर २६ गते बिहान ५ः३० बजे धनुषामा “विरोध र शान्तिपूर्ण आन्दोलन” सञ्चालन गर्ने जनाएको छ ।

सात दलीय गठबन्धनमा नेपाली काँग्रेस, जनता समाजवादी पार्टी (जसपा), जनमत पार्टी, नेकपा (माओवादी केन्द्र), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), नेकपा (एकीकृत समाजवादी) र नागरिक उन्मुक्ति पार्टी धनुषा रहेका छन् ।

विज्ञप्तिमा हस्ताक्षर गर्ने नेताहरूमा नेपाली काँग्रेसका कुमारकान्त झा, जसपाका पशुपति यादव, जनमत पार्टीका सुरेशकुमार मण्डल, नेकपा माओवादी केन्द्रका सुनिलकुमार यादव, लोसपाका जिवेन्द्र झा, नेकपा एकीकृत समाजवादीका राजकुमार यादव र नागरिक उन्मुक्ति पार्टीका दिनेश यादव रहेका छन् ।

सांस्कृतिक सम्पदाहरूको संरक्षण गरौं, पर्यटनलाई प्रवर्द्धन गरौं।

मधेश प्रदेशमा विभिन्न प्राचीन मठ–मन्दिर, ऐतिहासिक दरवार, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन् । त्यस्ता स्थलहरु गौरव मात्र नभई आर्थिक समृद्धिको स्रोत पनि हुन् । यसको संरक्षण र सम्वर्द्धन गर्नु हाम्रो सबैको दायित्व हो ।

त्यसैले धार्मिक तथा पर्यटकीय स्थलहरुमा फोहोर नगरौं । ऐतिहासिक तथा दुर्लभ सम्पदाहरुको क्षति हुन नदिन सजग रहौं । स्थानीय कला, हस्तकला र परम्परागत उत्पादनलाई प्रवर्द्धन गरौं । हाम्रा प्रदेशका स्थलहरुमा आउने पर्यटकहरुसँग मैत्रीपूर्ण व्यवहार गरौं । पर्यटक हाम्रा पाहुना हुन् । स्वागत सत्कार एवम् सुमधुर व्यवहार गरौं ।

भंगहा नगरपालिका
महोत्तरी, मधेश प्रदेश

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न विगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०




बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014